प्रदेश सरकार

# भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

बागमती प्रदेश

# कृषि ज्ञान केन्द्र,धादिङ

(कार्य क्षेत्र धादिङ जिल्ला)

फोन नं.०१०५२०१२८

पत्र संख्या:२०७८/७९
चलानी नं.

धादिङबेशी
मितिः२०७८/०५/१६

विषयः सूचना टाँस गरी सहयोग गरी दिनु हुन।

श्री नगरपालिकाको कार्यालय सबै र
श्री गाउँपालिकाको कार्यालय सबै, धादिङ।

उपरोक्त सम्वन्धमा यस केन्द्रको चालु आ.व.२०७८/७९ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरु संचालनको लागि कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। सूचना टाँस गरी सो को जानाकारी पठाई दिनुहुन अनुरोध छ।

झलकनाथ कंडेल
प्रमुख

श्री कृषि शाखा

२०७८/६/१६

प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
बागमती प्रदेश
कृषि ज्ञान केन्द्र,धादिङ
(कार्य क्षेत्र धादिङ जिल्ला)
फोन नं.०१०५२०१२८

सूचना!! सूचना!!!! सूचना !!!!!

*सूचना नं. ३- ०७८/०७९*

*प्रथम पटक प्रकाशन मितिः२०७८।०५।१६*

कृषि ज्ञान केन्द्र,धादिङको चालु आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारको कार्यक्रमहरु ५०% साझेदारीमा संचालनको लागि धादिङ जिल्लामा रित पूर्वक दर्ता भएका कृषक समूह/ कृषि सहकारी/कृषि फर्महरुलाई यो सूचना प्रकाशित गरिएको मितिले ३० दिन (मिति २०७८।६।१४ गते) भित्र आवश्यक कागजात सहित तोकिएको ढाँचामा आवेदन पेश गर्न सम्बन्धित सबैको जानाकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | ईकाइ | स्वीकृत संख्या | लक्षित वजेट रकम | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | साना सिंचाइ कार्यक्रम | संख्या | ५० | ७५लाख | - | जिल्ला भर |
| २. | प्लाष्टिक पोखरी निर्माणमा सहयोग | संख्या | ३० | ९लाख | - | जिल्ला भर |
| ३. | वीउ बृद्धि कार्यक्रम (मकै १० हे., धान ५ हे. र गहुँ ५ हे.) ५०% अनुदानमा | हे. | २० | ३लाख | कार्यविधि बमोजिम | जिल्ला भर |
| ४. | स्थानिय तहसँगको समन्वयमा रुवीभ्यालीमा किवि ३ हेक्टर, खनियावासमा दाते ओखर १० हेक्टर र गंगाजमुनामा एभोकाडो ५ हेक्टरमा बगैचा स्थापना | हे. | १८ | १६.२०लाख | - | रुवीभ्याली, खनियावास र गंगाजमुना गा.पा.,धादिङ |
| ५. | खरी पिडालु उत्पादन प्रवर्द्धन कार्यक्रम | हे. | २५ | १० लाख | - | जिल्लामा खरी पिडालु हुने क्षेत्र |
| ६. | बेनिघाट रोराङ गाँउपालिकामा सुन्तला बगैचा सुदृढीकरण सहयोग | पटक | १ | २लाख | - | बेनिघाट रोराङ गा.पा.,धादिङ |
| ७. | चैते धानको क्षेत्र विस्तार कार्यक्रम (५० हेक्टर) | हे. | ५० | २०लाख | - | जिल्लामा चैते धान खेती हुने क्षेत्र |
| ८. | ५०% लागत साझेदारीमा पिडालु खेती प्रवर्द्धन कार्यक्रम (ज्वालामुखी गा.पा.-५, धादिङ) | पटक | १ | १५लाख | - | ज्वालामुखी गा.पा.-५,धादिङ |
| ९. | ५०% लागत साझेदारीमा दाँते ओखर खेती विस्तार कार्यक्रम (नेत्रावती डबजोङ गा.पा.-३, धादिङ) | पटक | १ | १५लाख | - | नेत्रावती डबजोङ गा.पा.-३,धादिङ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | तरकारी बेर्ना उत्पादन स्रोत केन्द्र स्थापना सहयोग (४ प्रदेश निर्वाचन क्षेत्रमा) | संख्या | ४ | ८ लाख | - | ४ प्रदेश निर्वाच क्षेत्रमा १/१ हु गरी |
| ११ | बाँस/फलामद्धारा निर्मित प्लाष्टिक घरको स्तरउन्नतिमा ५०% अनुदानमा Silpaulin वितरण | संख्या | ५० | ७.५० लाख | - | जिल्ला भर |

**आवश्यक कागजातहरु:**

१. रु.१० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन।

२. कृषक समूह / कृषि सहकारी / कृषि फर्म तथा आवेदक संस्थाहरुको संस्था दर्ता प्रमाण-पत्र, नविकरण, स्थायी लेखा (PAN) नं. को प्रतिलिपी कृषि सहकारी संस्थाको हकमा गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपी साथै संस्था दर्ता सूचना प्रकाशन हुनु अगावै दर्ता भएको हुनुपर्नेछ।

३. आयोजना माग गरेको बारे संस्थाको बैठकको निर्णय प्रतिलिपी।

४. सम्बन्धित पालिकाको सिफारिस पत्र (कार्यक्रममा दोहोरो सहयोग नहुने तथा कार्यकम दिन उपयुक्त रहेको।

५. आयोजना संचालक संस्थाका सबै सदस्यहरुको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,साना सिंचाइ र प्लाष्टिक पोखरीको हकमा संस्थाका सदस्यहरुले उपयोग गर्न पाउने गरी समूहका नाममा जग्गाधनीबाट गरिएको आधिकारिक सम्झौता पत्र।

६. कार्यक्रममा संचालन गरिने क्रियाकलापहरु तथा मोटामोटी लागत अनुमान।

७. यस सम्बन्धि कार्य गर्नको लागि सम्बन्धित संस्थाले प्रतिनिधि तोकेको आधिकारिक निर्णय पत्र र उक्त प्रतिनिधिको नागरिकताको प्रमाण - पत्रको प्रतिलिपी।

८. सिंचाईको लागि उपयोग गरिने श्रोतमा कुनै विवाद नभएको हुनुपर्ने।

९. आयोजनामा अन्य संस्थाको लगानी भए सोको आधिकारिक पत्र।

१०. ढिलो गरी प्राप्त हुन आएको तथा रित नपुगेका पस्तावहरु उपर कुनै कारवाही हुने छैन।

थप जानकारीको लागि:
कृषि ज्ञान केन्द्र, धादिङमा सम्पर्क गर्न सकिने छ ।
फोन नं. ०१०५२०१२८, वेवसाईट www.akcdhading.gov.np

प्रमुख